# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०८१ चैत्र २९ गते , २०८१ साल

# भाग- २

**बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक**

## सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**अल्पकालीन महिला सुरक्षित आवास गृह निर्माण सञ्चालन कार्यविधि, २०८१**

# बेथानचोक गाउँपालिकाको

# अल्पकालीन महिला सुरक्षित आवास गृह निर्माण सञ्चालन कार्याविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधान अनुसार प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सबन्धी हक प्रदान गरेको छ। महिला विरुद्ध धार्मिक, सामाजिक, सास्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानीक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने ब्यवस्था छ । यदि यस प्रकारका कार्यहरु भएमा कानून वमोजिम दण्डनीय हुने र पिडितहरुलाई कानून वमोजिम क्षतिपर्ति पाउने हक रहेको छ। घरेलु हिंसा तथा महिला हिंसालाई सामाजिक रुपमा सम्वोधन गर्न तथा यसवाट हुने पिडालाई न्युनिकरण गर्न सामाजिक रुपमा सम्वोधन गर्न आवश्यक रहेको छ । यस सवाललाई सम्वोधन गर्न सवै सरोकारवालाहरुको प्रभावकारी सहभागिता, परिचालन तथा यसको बहुपक्षिय सम्वोधनलाई कृयाशिल वनाउन, प्रभावितलाई न्युनतम वहुपक्षिय सेवा उपलब्धताको सुनिश्चितता गर्न, प्रभावितको गोपनियतालाई आत्मसाथ गरि उनिहरुको मानव अधिकारको उच्च सम्मान गर्दै, उनीहरूको अधिकार सुनिश्चित हुने वातावरणको सिर्जना गर्न तथा यस क्षेत्रमा कार्यरत बुहपक्षिय सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरि सेवा केन्द्रको सेवालाई समन्यायिक तथा प्रभावमुखि अवधारणा प्रवर्धन गर्न, अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन कार्यविधि बनाई कार्यान्यवन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**२. कार्यविधिको नाम** : यो कार्यविधिको नाम बेथानचोक गाउँपालिकाको अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०८१ रहेको छ ।

**३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :**

क. आवास गृह भन्नाले बेथानचोक गाउँपालिका क्षेत्रभित्र सञ्चालित हिंसापिडित महिला तथा वालिकाहरुको संरक्षण गर्न सञ्चालन हुने अल्पकालिन सुरक्षित आवास गृह (Safe House ) सम्झनु पर्छ ।

ख. आवास गृह सञ्चालन गरिने स्थान भन्नाले बेथानचोक गाउँपालिका भित्र सञ्चालन गरिने स्थानलाई सम्झनुपर्छ ।

ग. कार्यालय भन्नाले अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन हुने कार्यालयलाई सम्झनु पर्दछ ।

घ.घरेलु हिंसा भन्नाले घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ अर्न्तगतको घरेलु सम्बन्ध भित्र शारीरिक, मानसिक यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्दछ ।

ङ.लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जिवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक यौनजन्य वा मानसिक क्षती वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ ।

च.प्रभावित भन्नाले हिंसाबाट प्रत्यक्ष रुपमा पीडामा परेका र हिंसाबाट प्रभावित भएका महिला तथा बालवालिका सम्झनुपर्छ ।

छ.स्थानीय सेवा प्रदायक संस्था भन्नाले अल्पकालीन आवास गृह सञ्चालन गर्न प्रस्ताव गरी छनौट भएको संस्थालाई सम्झनु पर्दछ ।

ज.समिति भन्नाले अल्पकालिन सुरक्षित आवास गृह सञ्चालनको लागि गाउँपालिकामा गठित समितिलाई सम्झनु पर्दछ ।

झ.सेवा प्रदायक भन्नाले अल्पकालिन सुरक्षित आवास गृह सञ्चालनको जिम्मेवारी लिएको निकाय अथवा सस्थालाई सम्झनु पर्दछ ।

**४. अल्पकालिन सुरक्षित आवास गृह सञ्चालनको उद्देश्य** : हिंसाजन्य कार्यबाट परिवारमा बस्न नसक्ने वा हिंसाजन्य कार्यमा परेका तर घरवार र आश्रय नभएका महिला तथा वालवालिकाहरुलाई अल्पकालिन रुपमा सुरक्षा, प्रारम्भिक उपचार, गाँस वास कपास लगायत आधारभुत कुराहरु व्यवस्था गर्ने । हिंसाबाट प्रभावित महिला तथा बालबालिकाको उद्धार संरक्षण स्वास्थ्य उपचार मनोसामाजिक परामर्श कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनस्थापना लगाएतका कार्य गर्ने साथै हिंसा सम्बन्धि घट्नाहरुलाई न्यायिक प्रकृयामा लैजान पहल गर्ने र लैंगिक हिंसा विरुद्ध सामाजिक जागरण र सचेतना अभिवृद्धि गर्ने गराउने ।

## ५.आवास गृहको स्थापना सञ्चालन तथा कार्यक्षेत्र

यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन हुने आवास गृहलाई सम्बन्धित जिल्लाका स्थानीय तहले आर्थिक अनुदान दिन सक्नेछन् । आवास गृहको सेवा प्रवाहको अवस्था सन्तोषजनक भएमा समितिको निर्णय अनुसार कार्यालयले उक्त आवास गृह सञ्चालन संसथासंग पछिल्लो आ.व मा समेत सेवाको लागि सम्झौता नविकरण गर्न सक्नेछ । उपदफा १ बमोजिम आवास गृहमा संरक्षित महिला तथा बालवालिकालाई निजको अवस्था अनुसार देहायका सेवा सुविधा प्रदान गर्नुपर्नेछ ।

क) शारीरिक चोटपटकको औषधोपचार

ख)मनोसामाजिक परामर्श

ग)न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवम् सेवा

घ)कानून कार्यान्यन गर्ने निकायहरुसंग समन्वय तथा सम्पर्क सेवा

ङ)जिल्ला अस्पताल वा एकद्धार संकट व्यवस्थापन केन्द्र बाट प्राप्त अन्य सेवा

च) सञ्चालक तथा व्यवस्थापन समितिले तोकेका अन्य सेवा ।

**६.सेवा लिने प्रकृया** लैंगिक हिंसाबाट प्रभावित महिला तथा बालवालिकाहरुलाई आवास गृहले सेवा प्रवाह गर्दा देहायका प्रकृयाहरु अपनाउनुपर्दछ ।

क) अनुसूची १ बमोजिमको ढाँचामा प्रभावितको निवेदन संकलन गर्ने । यदि प्रभावितले निवेदन लेख्न नसक्ने भएमा आवास गृहका कर्मचारीले निवेदन लेखिदिनुपर्नेछ ।

ख) निवेदन साथ आवास गृहको कार्यक्षेत्र भित्रका स्थानीय तह प्रहरी कार्यालय अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र () समुदायस्तरमा मनोसामाजिक कार्यकर्ताको प्रेषण वा अन्य आधिकारिक निकायको पत्र संलग्न राख्नुपर्नेछ ।

ग)सम्प्रेषकको तर्फबाट आवास गृहमा प्रभावित व्यक्ति पठाउदा कुन कुन सेवाका लागि हो सो करा जनाउनुपर्नेछ र प्रभावित महिलासंगै बालवालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्नेछ ।

घ) सम्प्रेषण गर्दा प्रभावित व्यक्तिलाई एक्लै पठाउनु हुदैन् सामान्यतया १ जना र गम्भिर चोटपटक लागेको भए २ जनासम्म साथमा लिएर पठाउनुपर्नेछ । साथै साथै लिएर पठाएका व्यक्तिको पनि विवरण समेत सम्प्रेषण गर्दा खुलाउनुपर्नेछ ।

**७.सेवा प्रदान गरिने अवधि**

१) आवास गृहमा सेवा लिन आउने हिंसा प्रभावित महिलालाई बढिमा ४५ दिन सम्म खान बस्नको लागि व्यवस्था गर्न सकिनेछ ।

२) आवास गृहमा सेवा लिन आउने महिलाको अवस्था अनुसार नि शुल्क स्वास्थ्थ उपचार न्यायिक प्रकृयामा सहयोग पुऱ्याउने र सल्लाह दिने मनोसामाजिक परामर्श तथा पुनस्थापनाको कार्य र मन्त्रालय तथा समितिले तोकेका अन्य कार्यहरु समेत गर्नुपर्नेछ ।

३) ४५ दिन सम्म प्रभावितको व्यवस्थापन हुन नसकेमा सञ्चालन तथा व्यवस्थापन समितिलाई जानकारी गराई १५ दिन थप गरी ६० दिन सम्म आवास गृहमा राख्न सकिनेछ ।

६० दिन सम्म पनि केन्द्रमा राख्दा पनि जटिल केश व्यवस्थापन हुन नसकेमा अनुगमन तथा व्यवस्थापन समितिले निर्णय गरेर थप दिन राख्न सकिनेछ ।

**८.छनौटको प्रक्रिया** : अल्पकालिन सुरक्षित आवास गृहमा बस्नको लागि छनौट गर्दा देहायवमोजिमको प्रक्रिया पूरा गर्नु पर्दछ ।

८.१ बेथानचोक गाउँपालिकामा गठित न्यायीक समिति, प्रहरी प्रशासन र अदालतमा समेत सेवा लिन आउने तथा उद्दार गरिएका पिडित महिला तथा वालवालिकाहरुको लागि कानूनी रुपमा साहायता उपलब्ध भएको अवस्थाका हिंसापिडित महिला, अन्य संरक्षकहरु, उनिहरुका वालवालिका तथा अलपत्र परेका वा आकस्मिकरुपमा उद्दार गरिएका सवन्धित निकाय जिल्ला प्रहरी कार्यालय, गाउँपालिकाको न्यायीक समिति वा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित हुनु पर्दछ ।

८.२ सेवा शुरु हुनु अगाडि हिंसापिडित महिला तथा वालवालिकाहरुलाई सरकारी स्वास्थ्य सस्था वा मान्यता प्राप्त अस्पतालमा स्वास्थ्य जाच गराई निजको स्वास्थ्य अवस्था प्रमाणित तथा सल्लाहा सुझाव परामर्श प्राप्त गरेको हुनु पर्दछ ।

८.३ हिंसापिडित महिला तथा वालवालिकाहरुको लागि अल्पकालिन सुरक्षित आवास गृहमा राख्नुभन्दा अगाडि उसको सुरक्षामा समस्या भएमा सो को जानकारी दिनुपर्नेछ । समितिले सोहि अनुसारको सुरक्षा ब्यवस्थाको लागि पहल र ब्यवस्थापन गर्नुपर्नेछ ।

८.४ सेवा अवधि सिफारीस गर्ने निकायले प्रस्ताव गर्ने र समय थप गर्नुपर्ने भएमा सो को लागि अनुमती लिनुपर्ने छ ।

८.५ सेवा सञ्चालनको सम्बन्धमा सम्झौतामा उल्लिखित जिम्मेवारी सेवा प्रदायकले पूरा गर्नेछ भने सो को व्यवस्थापन समन्वय तथा अनुगमन समितिले गर्नुपर्ने छ ।

८.६ गैर सरकारी सस्थाको साझेदारीमा सेवा ग्राहिको लागि राहत पुनस्थर्नापना र क्षतिपूर्ति कार्यक्रम सञ्चालन गर्न सकिने छ । अल्पकालिन सुरक्षित आवास गृह नगर समन्वय तथा अनुगमन समितिले आवास गृह सञ्चालनका लागि नगर क्षेत्रमा सञ्चालनमा रहेको संघ सस्थालाई पहिलो प्रथमिकतामा राखी आवश्यकता अनुसार अन्य संघ संस्था, सरकारी वा सार्वजनिक घरहरु वा सहयोगी संघ सस्थाका घरहरु प्रयोगमा ल्याउन आवश्यक कार्य गरी सञ्चालन गर्न पहल गर्नेछ ।

**९. अल्पकालिन सुरक्षित आवास गृह सञ्चालनका लागि संरचनात्मक व्यवस्था :**

(क) समन्वय तथा अनुमन समिति : गाउँपालिका क्षेत्रमा प्रभावकारी रुपमा अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन गर्ने कार्यलाई कार्यान्वयनका लगि सरोकारवाला निकायसँग समन्वय गर्ने तथा नीतिगत निर्णय, मार्गदर्शन र निर्देशन प्रदान गर्नको लागि देहाय वमोजिमको समन्वय तथा अनुगमन समिति गठन गरिने छ ।

१.अध्यक्ष बेथानचोक गाउँपालिका- अध्यक्ष

२.बेथानचोक गाउँपीलका उपाध्यक्ष- उपाध्यक्ष

२. न्यायिक समितिको सदस्य- सदस्य

३. बेथानचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य

४. स्वास्थ्य शाखा प्रमुख, बेथानचोक गाउँपालिका सदस्य

५.प्रतिनिधि जिल्ला प्रशासन कार्यालय सदस्य

६. महिला सेल प्रमुख, जिल्ला प्रहरी कार्यालय सदस्य

७. गैर सरकारी संस्थाहरु मध्येबाट समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना सदस्य

८.महिला तथा बालवालिका जेष्ठ नागरिक शाखा प्रमुख, बेथानचोक गाउँपालिकाका सदस्य सचिव

समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(ख) समन्वय समितिको काम, कर्तव्य र अधिकार

◆ केन्द्रलाई मार्गदर्शन, समन्वय र संरक्षण गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने,

◆ अल्पकालिन सुरक्षित आवास गृहबाट प्रदान हुने सेवाको सुनिश्चितताका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने,

◆ गाउँस्तरमा समाधान हुन नसकेका समस्याहरूलाई प्रदेश र संघीय सरकार तथा सम्बन्धित निकायमा पठाउने,

◆ अल्पकालिन सुरक्षित आवास गृह सम्बन्धित सबै संस्था व्यक्ति र समूहले पालना गर्नुपर्ने आचार संहिता तयार गरी लागू गर्ने,

◆ हिंसापीडित वा प्रभावित व्यक्तिहरूलाई थप सेवा एवम पुनर्स्थापना गर्नुपरेमा संघ र प्रदेश तहमा समन्वय गर्ने,

◆ गाउँक्षेत्र र अन्य स्थानीय तह तथा स्थान वा अस्पतालहरूमा स्थापना गरिएका एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई आवश्यक नीतिगत निर्देशन दिने र सो केन्द्रसँग कार्यगत समन्वय एवम सहकार्य गर्ने,

◆ यौनजन्य हिंसा, बलत्कारबाट पीडित वालिका/किशोरीहरूलाई आवासीय शिक्षाका लागि जिल्लास्थित निकायहरूसँग समन्वय गर्ने,

◆ केन्द्रबाट सम्पादित कार्यहरूको नियमित अनुगमन र समीक्षा गरी समस्याको समाधान गर्ने,

◆ स्थानीय तहको न्यायिक समितिसँग समन्वय गरी काम गर्ने,

◆ आर्थिक वर्षको अन्तमा उपलब्ध बजेट र खर्चको व्यहोरा सार्वजनिक गर्ने ।

९. अल्पकालिन सुरक्षित आवास गृहका मुख्य कार्यहरु :

♦ हिंसाको पहिचान गर्ने (पहिचान र छनौट)

♦ प्रभावितलाई उपचार गर्ने (चिकित्साजन्य उपचार तथा मनोसामाजिक परामर्श)

♦ उपयुक्त प्रेषण सेवा प्रदान गर्ने (चिकित्साजन्य, कानूनी जानकारी तथा सामाजिक सञ्जाल)

♦ स्वास्थ्य क्षेत्र, समुदाय, जिल्ला, प्रदेश र संघीय रुपमा रहेका नागरिक समाज विभिन्न निकायहरुसँगको समन्वय (सुरक्षित बसाइ, पुनःस्थापना, जनचेतना तथा रोकथाम)

♦ अभिलेख तथा प्रतिबेदन

**१०.व्यवस्थापन खर्च र जनशक्ति** १) आवास गृह सञ्चालनको लागि आवश्यक पर्ने कार्यालय सामाग्री, विद्युत पानी,टेलिफोन खर्च प्रति महिना ३ हजार रुपैयाँ नबढ्ने गरी बिल बमोजिमको यथार्थ खर्च गर्न सकिनेछ

२) आवास गृह सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्दा समितिको सिफारिसमा १ जना कम्तीमा ६ महिना तालिम प्राप्त मनोविमर्श संयोजक १ जना १ जान वार्डेन (श्रेणी विहनस्तर) र १ जना भान्छे (श्रेणी विहनस्तर)गरी जम्मा ३ जना कर्मचारी व्यवस्थापन गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिमका कर्मचारीलाई ६ महिनाको लागि सेवा करारमा नियुक्ति गरिनेछ उक्त कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा म्याद थप गर्न सकिनेछ ।

४) नियुक्ति गरिएका कर्मचारीहरुको तलब तथा सेवा सुविधा गाउँकार्यपालिकाले तोकिए बमोजिम वा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

५) आवास गृहको लागि आफ्नै भवन नभएको अवस्थामा सम्भव भएसम्म सरकारी भवनमा नि शुल्क रुपमा आवास गृह सञ्चालन गर्नको लागि समितिले आवश्यक व्यवस्थापन गर्नुपर्नेछ । सरकारी भवन उपलब्ध हुन नसकेमा समितिले निर्णय गरी घर भाडामा लिन सक्नेछ ।

६)समितिको बैठक खर्च (भत्ता तथा खाजा खर्च) नियमानुसार गर्न सकिनेछ ।

७)पालिकाले आफैंले आवास गृह सञ्चालन नगरेको भए सञ्चालन गर्न संस्थालाई आवश्यकता अनुसार पेश्की दिन सक्नेछ । कार्य प्रगतीको आधारमा त्रैमासिक रुपमा मापदण्ड र यथार्थ खर्चका आधारमा संस्थाले पेश्की फछ्र्यौट गर्नका लागि कार्यालयमा पेश गर्नु पर्नेछ ।

**११.पुर्नस्थापना तथा पारिवारिक पुर्नमिलन**

सुरक्षित आवास गृहका बसेका हिंसा प्रभावित महिलाहरु तथा उनिहरुका बालबालिकाहरुको अवस्था हेरी देहाय बमोजिम परिवार तथा समुदायमा पुर्नमिलन तथा पुर्नस्थापना गराउनेछः।

सुरक्षित आवास गृहमा रहेका महिलाहरुको घर परि परिवारको पहिचान गरि पुर्व पारिवारिक लेखाजोखा पश्चात पारिवारिक पुर्नमिलन गराउने छ। पारिवारिक पुर्नमिलन गराउँदा परिवारका सदस्यहरुलाई आवश्यक मनोविमर्श, परामर्श तथा सहजीकरण गरिनेछ । सुरक्षित आवास गृहमा रहेका महिला तथा बालवालिकारुलाई आफ्नो घरपरिवारमा तथा आफ्नो समुदायमा हुनको लागि उत्पेरण प्रदान गर्नेछ र उक्त पुर्नस्थापनाको प्रक्रिया प्रभावितको अनुमति लिएर मात्र गर्नेछ । प्रभावित महिलाको पुर्नस्थापित जीवनलाई सहज बनाउन सम्भव भएसम्म स्थानीय संघ संस्थाहरुसगं सम्पर्क समन्वय गराउन सहजीकरण गरिनेछ । सुरक्षित आवास गृहले पुर्नस्थापित महिलाहरुको फलाअप आवश्यकता अनुसार अनिवार्य रुपमा गर्नेछ । यी सबै प्रक्रियाहरुको अभिलेखिकरण गोपिनीयता कायम राख्दै पुर्नस्थापना जीविकोपार्जन कार्य गरिनेछ ।

**१२.बैठक, समन्वय, अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन :** अल्पकालिन सुरक्षित आवास गृह समन्वय तथा अनुगमन समितिले अल्पकालिन सुरक्षित आवास गृहबाट भएका कार्यहरुको नियमित अवलोकन तथा अनुगमन गर्नको लागि न्यूनतम चौमासिक रुपमा बैठक वसी सञ्चालन गर्ने सस्थाले पेश गरेको प्रतिवेदन तथा आवश्यकता अनुसार नियमित अनुगमन तथा कार्यको मुल्याङ्कन गर्ने र सुझाव प्रदान गर्ने तथा सो को कार्यन्वयनको अवस्था बारेमा जानकारी आदान प्रदान गर्नेछ ।

८.१. प्रतिवेदन : प्रतिवेदनको लागि अल्पकालिन सुरक्षित आवास गृहमा निम्नलिखित अभिलेख राख्नु पर्ने छ ।

- ♦ प्रभावित महिला तथा वालवालिकाको दर्ता किताव
- ♦ संरक्षित ब्यक्तिको दैनिक हाजिरी किताव

♦ प्रभावितको ब्यक्तिगत गोप्य फाईल

♦ दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टि गर्ने कागजात

♦ समितिको निर्णय किताब

♦ स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श, कानूनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र समन्वय समितिले तोकेको अन्य कागजात

**१३.वित्तिय ब्यवस्थापन :** अल्पकालिन सुरक्षित आवास गृह सञ्चालनको लागि देहायको प्रयोजनमा देहायवमोजिम सिमाभित्र रहेर खर्च गर्नु पर्दछ ।

मालसामान : खाट, विस्तारा, पर्दा, भाडाकुडा, टेलिभिजन, खातापाता लगायतका सञ्चालनको लागि आवश्यक सामग्रीहरु प्रयोग तथा सरसफाइका सामग्रीहरु खरिद

♦ औषधि उपचार : समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउदा विरामी तथा कुरुवा समेतको खाना खर्च, सामान्य औषधि उपचार तथा गाडिभाडा खर्च

♦ खाजा तथा खाना खर्च वापत समितिले निर्णय वमोजिम प्रतिब्यक्ति प्रतिदिन लाग्ने खर्च

♦ अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन भएको सस्थाको लागि विद्युत, खानेपानी, टेलिफोन, इन्टरनेट खर्च

♦ सस्थाको लागि अल्पकालिन सुरक्षित आवास गृह प्रमुख, सहयोगी तथा गार्ड ब्यवस्थापनको लागि न्यूनतम जनशक्ति खर्च

♦ सस्थाको भवन मर्मत तथा ब्यवस्थापन खर्च

♦ विशेष अवस्थामा समितिले निर्णय गरी पिडतलाई प्रदान गर्ने खर्च रकम

**१४. विविध :**

१४.१ ब्याख्या गर्ने अधिकार यस निर्देशिकामा उल्लेखित दफाहरुको कार्यान्वयन सम्वन्धमा कुनै द्विविधा परेमा अन्तिम ब्याख्या गर्ने अधिकार अल्पकालिन सुरक्षित आवास गृह समन्वय तथा अनुगमन समितिको सिफारिसमा गाउँकार्यपालिकामा रहने छ ।

१४.२ संशोधन सम्वन्धी ब्यवस्था यस निर्देशिकामा ब्याख्या गरिएको कुनै दफा वा उपदफाहरु संसोधन गर्नुपरेमा गाउँकार्यपालिकाले गर्नेछ ।

१४.३ वाधा अडकाउ फुकाउने यस निर्देशिकामा उल्लेखित दफाहरुको कार्यान्वयन सम्वन्धमा कुनै वाधा अडकाउ परेमा सोको ब्यवस्था गर्ने अधिकार अल्पकालिन सुरक्षित आवास गृह समन्वय तथा अनुगमन समितिको सिफारिसमा गाउँकार्यपालिकामा रहने छ ।

१४.४ निर्देशन दिन सक्ने कार्यक्रम सञ्चालन तथा यस निर्देशिकामा उल्लिखित दफाहरुको कार्यान्वयनको लागि अल्पकालिन सुरक्षित आवास गृह समन्वय तथा अनुगमन समितिले आवश्यक निर्देशन दिन सक्नेछ । साथै कार्यक्रम कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा ब्यवस्थापनको सिलसिलामा आवश्यक पर्ने फारामहरुको ढाचाहरु अल्पकालिन सुरक्षित आवास गृह समन्वय तथा अनुगमन समितिवाट स्वीकृत गरिने छ ।

अनुसुचु-१

(दफा १० को खण्ड क सँग सम्बन्धित)

पिडितले पेश गर्ने निवेदनको ढाँचा

श्री संयोजक ज्यू

अल्पकालिन महिला आवास गृह

वेथानचोक गाउँपालिका

प्रस्तुत विषयमा म हिंसाको जोखिममा/पिडित/प्रभावित भएकाले आवस्यक सहयोगका लागी यो निवेदन पेश गर्दछु ।

पिडितको नाम ;

उमेरः

ठेगानाः

सम्पर्क नम्वरः

हिंसाको किसिमः

हिंसा भएको मितीः

पिडकको नामः

पिडक संगको नाता सम्बन्धः

चाहेको आवस्य सेवाः

पिडित संगको अन्य व्यक्ती पनी प्रभावित भएका भए संख्याः

यदी १ पटक भन्दा बढी पटक हिंसा भएको भए कति पटकः

पिडकको ठेगाना/सम्पर्क नम्वरः

अन्य केहि भए उल्लेख गर्नेः

हस्ताक्षरः

अनुसुचि -२

(दफा १९ खण्ड (क) सँग सम्बन्धित)

दर्ता किताबको ढाँचा

| क्र.स | आएको मिति | पिडितको नाम | पिडितको उमेर | पिडकको नाम | पिडकको उमेर | पिडकसँगको नाता/सम्बन्ध | हिंसा/घटनाको विवरण | समस्याको विवरण | प्रदान गरिएको सेवा,सहयोग | सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची-३

दफा १९ को खण्ड छ सँग सम्बन्धित

सेवाग्राहीको विवरण किताबको ढाँचा

अल्पकालिन महिला सुरक्षित आवास गृह

हिंसा जोखिम/पिडित/प्रभावित सेवाग्राहीहरुको विवरण

सि.न.

सेवा केन्द्रमा आएको मितिः

प्रभावितको नाम थरः

उमेरः

लिङ्गः

ठेगानाः

हिंसाको किसिम, प्रकृतिः शारिरिक, मानसिक, योन जन्य

हिंसा/घटनाको विवरणः

घटना घटेको मितिः

समयः

स्थानः

पिडकको नामथरः

पिडकको प्रभावित महिला सँगको नाता/सम्बन्धः

यस अघी अन्य निकायबाट भएको सहयोग,काम,कारबाहीः

निकायः

सहयोगः

आवासगृहबाट उपलब्ध सेवाको विवरणः

आश्रय लिएको मितिः.............देखी..............सम्म

सहयोगी निकायः

अन्यन्त्र सिफारिस गर्नु पर्न परेमा

सिफारिस गरेको निकायः

प्राप्त सेवाः

परिणामः

अन्य केहि भएः

अनुसूचि-४

दफा १९ को खण्ड (ज) सँग सम्बन्धित

प्रगती विवरणको ढाँचा

आर्थिक वर्षः

| सिं.न | हिंसाको किसिम | संख्या | गत आ.व सम्मको संख्या | स्वास्थ उपचार प्राप्त गर्ने प्रभावितहरु को कुल संख्या | कानुनी सहयता प्राप्त गर्नेहरु मध्ये अदालतमा मुद्दा दायर गरिएका प्रभावितहरु को संख्या | सीप तालिम प्राप्त गर्ने प्रभावितहरु को कुल संख्या | मनोसामाजिक सेवा प्राप्त | परिवार बाहेक समाजमा पुनस्र्थापना भएको प्रभावितहरुको कुल संख्या | हाल पुनस्र्थापनामा केन्द्रमा रहेका प्रभावितहरुको कुल संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | घरेलु हिंसा<br><br>कुटपिट, गालिवेईजती घरनिकाला<br><br>२ यौन शोषणः<br><br>बलात्कार, यौन दुर्व्यवहार | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ३ बहुविवाह<br>४<br>बालविवाह<br>५ आत्महत्या<br>६ अन्य | | | | | | | | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

श्री राजेन्द्र भण्डारी